म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ७८ आइतबार, ७ कात्तिक २०७८ चुतुर्थी ने. सं. ११४१ कौलाथ्व 24 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अवरुद्ध विमानस्थल सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा/ बेमौसमी वर्षाका कारण विराटनगर विमानस्थल डुबानमा परेपछि अवरुद्ध हवाई सेवा शनिबार बिहानदेखि सञ्चालनमा आएको छ ।

यही कात्तिक १ र २ गतेको अविरल वर्षापछि आएको बाढीले गत मंगलबार विमानस्थल डुबानमा परेपछि यहाँबाट हुने सबै उडान अवरुद्ध भएको थियो । विमानस्थलको सबै उपकरणको चेकजाँच नसकिएकाले विहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मात्र उडान हुने विराटनगर विमानस्थल नागरिक उडड्यन कार्यालयका प्रमुख उत्सव खरेलले जानकारी दिए ।

विराटनगरबाट हुने उडान सेवा अवरुद्ध भएपछि यात्रुको सुविधाका लागि विमान कम्पनीले विकल्पका रुपमा भद्रपुरबाट उडान थपेर भएपनि सेवा दिइरहेका थिए । विराटनगर विमानस्थलबाट दैनिक बुद्ध एयरको नौ, यति एयरको पाँच, सौर्य एयर र श्री एयरलाइन्सले चार/चार तथा गुण एयरलाइन्सले एकवटा उडान भर्दै आएको छ । *(रासस)*

## मउवा संघको साधारणसभा आजबाट

हेटौंडा/ मकवानपुर उद्योग वाणिज्य संघको साधारणसभा आज आइतबारबाट सुरु हुँदैछ । कार्तिक ७, ८ र ९ गतेका लागि तोकिएको ५४ र ५५ औं साधारणसभा तथा निर्वाचन आजबाट सुरु गरिएको हो ।

गतवर्ष पुस मसान्तमै ५४ औं साधारणसभा सम्पन्न गर्नुपर्ने भएपनि कोरोना महामारीको दोस्रो लहरका कारण चैतपछि बैशाखमा तोकिँदा पनि निर्वाचनगर्न नसकिने भएपछि संघको बर्तमान कार्यसमितिले कार्तिकका लागि तयारी अघि बढाएको थियो । आज भर्चुअलमाध्यमबाट संघको साधारणसभा हुने र महासचिव, कोषाध्यक्षको प्रतिबेदन पेश गरिने संघका अध्यक्ष कृष्ण कट्टुवालले जानकारी दिए । 'बर्तमानस्थितिमा पनि कोरोना संक्रमण कायम रहेको हुँदाभर्चुअल माध्यमबाट साधारणसभा गर्ने तयारी गरिएको हो ।' उनले भने, 'प्रशासनको अनुरोधमा हामीले संक्रमणको जोखिमलाई मध्यनजर गर्दै निर्वाचन प्रक्रियामा पनि पूर्ण स्वास्थ्य सुरक्षा मापदण्ड पालनगर्नेछौं ।', अध्यक्ष कट्टुवालले ७ गते साधारणसभा, ८ गते उम्मेदवारी दर्ता, दाबीविरोध र फिर्ता र ९ गते मतदान प्रक्रिया हुने बताए ।

संघको नेतृत्वका लागि हालसम्म संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्य राजकुमार न्यौपाने, संघका बर्तमान उपाध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल र संघका निवर्तमान महासचिव महेन्द्र राउत मैदानमा छन् । न्यौपाने र अग्रवाल प्यानल सहित आफ्नो टिम लिएर चुवानी मैदानमा उत्रिएका छन् भने, राउत एक्लै अध्यक्षका रुपमा अघि बढेका छन् । अग्रवालले चुनावको मिति घोषणापछि दसैंअघि नै औपचारिक कार्यक्रममार्फत उम्मेदवारी घोषणा गरिसकेको छन् ।

अग्रवालले घोषणा टिममा बाणिज्य तर्फको उपाध्यक्षमा अनिल अग्रवाल, उद्योग उपाध्यक्षमा प्रमोदसिंह रानाभाट, बस्तुगत उपाध्यक्षमाकाब्यमणि अधिकारी र एशोसिएसट उपाध्यक्षमा बिष्णु खनाल छन् । प्रत्येक क्षेत्रगत सदस्यहरुको नामसमेत अग्रवाल टिमले दसैंअघि नै घोषणा गरेको हो । व्यवसायीको पक्षमानिरन्तर उभिएको आफु नेतृत्वको टिम नै विजयी हुने अग्रवालको दाबी छ । सर्वपक्षीयलाई समेटेको आफ्नो टिम नै संघको नेतृत्वका लागि निरन्तर लागि परिरहेको उनले बताए ।

साधारणसभा हुनुअघि शनिबार न्यौपाने टिमले पनि प्यानल घोषणा गरेको छ । न्यौपाने टिमले क्षेत्रगत नामावली घोषणा गरेको हो ।न्यौपानेको टिममा बाणिज्य तर्फको उपाध्यक्षमा रामप्रसाद न्यौपाने, उद्योग उपाध्यक्षमा प्रतिमाश्रेष्ठ, बस्तुगत उपाध्यक्षमा राजु अधिकारी र एशोसिएसट उपाध्यक्षमा उज्वल चौलागाईं रहेका छन् । यसैगरी न्यौपानेको टिममा बाणिज्य तर्फको सदस्यहरुमा सुर्दशन खरेल, विष्णुप्रसाद दाहाल, बालकृष्ण बजगाईं, दिवस पराजुली, नेत्रप्रसाद खतिवडा, हरिनारायण ठाकुर, माधव ज्ञवाली, राजु राउत, मनु दाहाल, नेत्रकुमारी भट्ट्ट, उद्योग सदस्यहरुमा नरेन्द्र भण्डारी, दीपक शिवाकोटी, हरिप्रसाद ढकाल, मेनका श्रेष्ठ, ज्ञानेन्द्र बर्तौला, बस्तुगत सदस्यहरुमा तेजराज अधिकारी, अजिव भट्टराई, एशोसिएट सदस्यहरुमा नवराज खतिवडा, अशोककुमार राउत, राजु थापा, रामशरण दुलालको उम्मेदवारी रहने पक्काभएको छ ।

आफ्नो टिम मकवानपुरका उद्योगी व्यवसायीमाझ चिरपरिचित रहेको र हकहितका लागि सदैव लाग्दै आएको अध्यक्षका प्रत्यासी न्यौपानेको दाबी छ । उनले आफु यसअघिपनि सदैव व्यवसायीका लागि लाग्दै आएकोले चुनावमा जित सुनिश्चित रहेको बताए । 'म हरेक दिनरात व्यवसायीको साथमा छु, उनीहरुको समस्या पीरमर्का समाधानमा मैले निकै सहयोग पुऱ्याएको छु, त्यसकारण पनि मैले पुन: संघलाई नयाँदिशामा अघि बढाउन उम्मेदवारी दिने घोषणा गरेको हुँ ।', उनले भने ।

शनिबार नै अध्यक्षकाअर्का प्रत्यासी राउतले दीपावली, छठको अवसरमा चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममको आयोजनागर्दै आफ्नो उम्मेदवारी कायम रहेको बताएका छन् । उनले कांग्रेस हेटौंडा उपमहानगर समितिको सभापतिमा उम्मेदवारी रहेपछि संघको अध्यक्षबाट पछि हटेको हल्लानिराधार रहेको र आफु चुनावी मैदान छाडेर नभागेको उनको दाबी छ ।

## हेटौंडाका इन्जिनियरको हातमा क्लोपट्टी

साझाकुरा संवाददाता

हेटौंडा/ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय जनकपुरका कर्मचारीमाथि अमानवीय दुर्व्यवहार भएको भन्दै हेटौंडाका इन्जिनियरहरुले विरोध प्रदर्शन गरेका थिए ।

कार्यालयका निमित्त इन्जिनियर प्रमुख राजेश कुशवाहालाई केही दिनअघि सीके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताले अर्धनग्न बनाएर जनकपुर बजार घुमाएका थिए । अनियमितता गरेको र ढल व्यवस्थापन नगरेको भन्दै जनमत पार्टीका कार्यकर्ताले कुशवाललाई अर्धनग्न बनाएर शरिरमा हिलो दलेर बजार घुमाएका थिए ।




हेटौंडामा कार्यरत् इन्जिनियहरुले शनिवार जनमत पार्टीका कार्यकर्तालाई कारबाहीको माग गर्दै विरोध प्रदर्शन गरेका हुन् ।

विरोध प्रदर्शनमा मकवानपुरका सरकारी कार्यालयका तथा निजी कन्सल्टेन्सीका इन्जिनियर हरुको सहभागिता थियो । बुद्धचोकमा कालो ब्यानरसहित सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपालको आयोजनामा विरोध प्रदर्शन गरिएको हो ।

कानुनी राज्यमा इन्जिनियर हरुलाई यसरी अर्धनग्न बनाएर अमानवीय व्यवहार भएको भन्दै आन्दोलनमा उत्रिएका इन्जिनियर हरुले दोषिलाई कडा कारबाहीको माग गरेका छन् । 'इन्जिनियहरुमाथि यस्तो हर्कत हुनुमा दुखत् घटना हो । दोषिहरुलाइ कडा कारबाही गर्नुपर्छ ।,' हेटौंडा उपमहानगरपालिका भवन इजाजत शाखाका महाप्रबन्धक सत्यनारायण शाहले भने ।

## लोकतान्त्रिक खेलकुद संघद्वारा अञ्जन सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा/नेपाललाई पहिलो पटक दक्षिण एसियाकै ठूलो प्रतियोगिता माल्दिभ्समा भएको १३ औं साफ च्याम्पियनसीपको फाइनल पुऱ्याउन मुख्य भूमिका खेलेका हेटौंडेली अञ्जन विष्ट सम्मानित भएका छन् ।

अञ्जनले बंगलादेश विरुद्धको खेलमा पेनाल्टीमार्फत गोल गर्दै नेपाललाई पहिलो पटक साफको फाइनलमा पुऱ्याएका थिए । एक गोलले पछि परेको अवस्थामा नेपाललाई फाइनल पुग्न खेल बराबरी गर्नुको विकल्प थिएन् । खेलको अन्तिम समयमा अञ्जनलाई विपक्षी खेलाडीले डिबक्सभित्र लडाएपछि पाएको पेनाल्टीलाई उनले सदुपयोग गरेका थिए । नेपाललाई



ऐतिहासिक सफलता दिलाएको भन्दै शनिवार नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक खेलकुद संघ मकवानपुरले अञ्जनलाई सम्मान गरेको हो ।

राष्ट्रिय टोलीका सदस्य अञ्जनलाई २५ हजार नगदसहित सम्मान गरिएको हो । अञ्जनका बावु राजु विष्टलाई पनि सम्मान गरि एको थियो । कांग्रेस मकवानपुरका सभापति तथा कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले टिका, खादा र नगद सहयोग गर्दै सम्मान गरेका हुन् । लोकतान्त्रिक खेलकुद संघका जिल्ला अध्यक्ष सविन भट्टाचार्यको सभाध्यक्षतामा सम्मान कार्यक्रम भएको थियो । नेपालको खेल क्षेत्र र खेलाडीको विकासका लागि कांग्रेस संधै लागिपरेको बानियाँले बताए । अञ्जनलाई देश र गृह जिल्ला मकवापनुरको नाम चिनाउन प्रेरणा मिलोस् भन्दै उनले बधाई तथा शुभकामना व्यक्त गरे ।

सम्मान कार्यक्रममा बागमती प्रदेशसभा सदस्य सन्त चेपाङ, नेपाली कांग्रेस मकवानपुरका सल्लाहाकार भरत पराजुली, जिल्ला सदस्य तथा खेलकुद विभाग प्रमुख सुनिल दाहाल, जिल्ला सदस्य सुशान्त श्रेष्ठ, सुनिल अधिकारी, पार्टी क्षेत्रीय सभापति यतीराज सापकोटाले मन्तव्य व्यक्त गरेका थिए । कांग्रेस हेटौंडा उपमहानगर कमिटीका निवर्तमान सभापति आनन्दराम पराजुली, नेपाल विद्यार्थी संघ मकवानपुरका अध्यक्ष राजु खतिवडालगायतको आतिथ्यता रहेको थियो । अञ्जनलाई शुक्रबार पनि सामाजिक क्षेत्रमा काम गर्ने संघसंस्थाले पनि सम्मान गरेको थियो । अञ्जनले प्रतियोगितामा दुई गोल समेत गरेका थिए ।

मकवानपुरगढीको आत्महत्या प्रकरण

## परिवार भन्छ: 'छोरालाई कुटेर मारे, प्रहरी भन्छ: आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुर गढीमा गत १९ भदौमा एउटा आत्महत्याको घटना घट्यो । स्थानीय एक युवाले आत्महत्या गरेको प्रहरी निश्कर्ष छ ।

तर, मृतक युवकको परिवारले भने घटना घटेको लामो समयपछि स्थानीयले कुटपिट गरेर हत्या गरेको आरोप लगाएको छ । मकवानपुरगढी गाउँपालिका-३ मक्रानडाँडाका २१ वर्षीय रमेश विकले आत्महत्या गरेर ज्यान फालेको मकवानपुर प्रहरीले जनाएको छ । उता परिवारले प्रहरीले राम्रोसँग अनुसन्धान नगरेको र आफ्नो छोराको आत्महत्या नभई कुटपिट गरेर हत्या गरेको आरोप लगाएका छन् । घटना हुँदा मृतक विकका बाबु वैदेशिक रोजगारीका लागि साउदी अरबमा थिए ।

घटनाको भित्री रहस्य प्रहरीले नबुझी आत्महत्या भएको बताउँदै घटनालाई गुपचुप राखेको परिवारको आरोप छ । घटना भएको ६ दिनपछि नेपाल आएका मृतकका बाबुले आफूले बुझे अनुसार सबैले घटना मिलाउन खोजेको आरोप लगाएका छन् । विना कारण आफ्नो छोरामाथि कुटपिट भएको उनको भनाई छ । मृतककी आमाले छेराको आत्महत्या नभई हत्या भएको आरोप लगाएकी छन् । छिमेकी यादव पुडासैनीको परिवारले छेरालाई कुटपिट गरेको उनको भनाई छ ।

पुडासैनीको परिवारले घाँटी थिच्ने, लाठाले चुट्ने पेटमा हानिरहेको मृतकको आमाले आरोप लगाएकी छन् । कुटपिट हुनबाट बचेर छेरा घर भएको १० मिनेटपछि पुडासैनी परिवारले छोरो झुण्डिएको भन्दै सुनाउन आएको बताइन् । छोरा झुण्डिएको देखेपछि आफू बेहोस भएर ढलेको मृतक विकको आमाले बताएकी छन् । मृतकको परिवारले मृतक विकको शव जलाउन हतार गरेको आरोप लगाएका छन् । 'प्रहरीले छेराको शव जलाइहाल्न प्रहरीले दबाब दिएको थियो । हामीले मानेका थिएनौं ।,' मृतकको आमाले भनिन् ।

मकवानपुरका प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले विकको हत्या नभई आत्महत्या भएको बताए । उनका अनुसार मेडिकल रिपोर्टमा झुण्डिएर मृत्यु भएको उल्लेख छ । 'विकको हत्या होइन, आत्महत्या नै हो । मेडिकल रिपोर्टमा पनि झुण्डिएर मृत्यु भएको उल्लेख गरि एको छ । परिवारले अनावश्यक रुपमै कुरा गरिरहेको छ ।,' डिएसपी रिमालले भने । प्रहरीको अनुसन्धानले हत्या नभई आत्महत्या भएको पुष्टि गरिसकेको उनको भनाई छ । उक्त घटनालाई गम्भिर रुपमा प्रहरीले अनुसन्धान गरेको उनले बताए ।

प्रहरीले विकको आत्महत्या दुरुत्साहन मुद्दामा आरोपित पुडासैनीसहित उनका छोराहरुलाई पक्राउ गरेको डिएसपी रिमालले जानकारी दिए । जिल्ला अदालत मकवानपुरले आरोपित पुडासैनीसहित उनका दुई छोरालाई धरौटीमा छाडेको रिमालले बताए ।

## एमालेको वडा अधिवेशन सकियो

हेटौंडा/ मकवानपुरका १० वटा स्थानीय तहको सबै वडाहरुमा नेकपा (एमाले)को वडा अधिवेशन भएको छ । अधिवेशनले सबै वडामा सर्वसम्मतीले समिति चयन गरेको एमाले मकवानपुरका सचिव एकालाल श्रेष्ठले जानकारी दिए ।

एमालेको देशभर एकैपटक वडा अधिवेशन भएको हो । मकवानपुरमा शुक्रबार नै हेटौंडाको १७ र ६ नम्बर वडामा सर्वसम्मतीले नयाँ नेतृत्व चयन भएको थियो । बाँकी वडामा शनिवार वडा अधिवेशन भएको र सबै वडामा सर्वसम्मतीले नेतृत्व चयन गरेको सचिव श्रेष्ठले साझाकुरालाई जानकारी दिएका छन् । नेकपा एमाले हेटौडा उपमहानगर पालिकाको १ नम्बर वडामा उत्तमप्रसाद पौडेलको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी चयन भएको छ ।

वडा कमिटी ४१ सदस्यीय समितिसम्म बनाउन पाइने सचिव श्रेष्ठले बताए । १ नम्बर वडा कमिटिको उपाध्यक्षमा जगतबहादुर थिंग, सचिवमा नारायण सुनुवार, उपसचिवमा रुपा ढुंगना र महम्वत सफिक तथा सदस्यहरुमा विनोद सापकोटा, इन्साफ केसी, दिपक घिमिरे, अनिल काफ्ले, राजेन्द्र लामा, मायादेबी गौतमलगायत चयन भएका छन् । एमाले हेटौंडा-२ नम्बर वडामा रामकृष्ण तिमल्सिनाको अध्यक्षतामा ३४ सदस्यीय कमिटी बनेको छ । जसको उपाध्यक्ष मिनराज पौडेल, सचिव रेणु श्रेष्ठ, उपसचिव रामप्रसाद ढोडारी र विषलाल खड्गी भयन भए ।

हेटौंडा-३ नम्बर वडामा माधव बर्तौलाको अध्यक्षतामा वडा कमिटी गठन भएको छ । जसको उपाध्यक्षमा राजेन्द्र बर्तौला, सचिव बसन्तकुमार घलान, उपसचिव इन्दिरा थपलिया र देवेन्द्र बर्तौला चयन भए । हेटौंडा-४ नम्बर वडामा राजेन्द्र बस्ताकोटीको अध्यक्षतामा ४१ सदस्यीय वडा कमिटी, ७ नम्बर वडामा कुलप्रसाद त्रिपाठीको अध्यक्षतामा वडा कमिटी गठन गरिएको एमाले सचिव श्रेष्ठले जानकारी दिए ।

मकवानपुरको सवै स्थानीय तहमा अधिवेशन भएको छ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

**Hetauda City Hospital Pvt.Ltd**

Hetauda Sub-metropolitan City-1

Phone:- 057-520315

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applicantions from Qualified, Energetic and Experienced Candidates for the following Designations.

| S.No. | Designations | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs.35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/B Sc Nursing |
| 3 | Staff Nurse/CMA/ANM | Few | Negotiable | Registered NHPC |
| 4 | Receiptionist | Few | Negotiable | +2 Completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration.

Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.



साझाकुरा

## हाम्रो कुरा

# विद्यालयमा प्रयोगशाला

विद्यालय भविष्यको कर्णदार उत्पादन गर्ने स्थल हो । त्यहाँ विद्यार्थीले ज्ञानगुनका कुराहरु सिक्ने र भविष्यको आफ्नो गोरेटो कोर्न प्रयास गर्नेछन् । उनीहरु आफ्नो लक्ष्यको प्राप्तिको दिशामा अगाडि बढ्न विद्यालयको सवैभन्दा ठूलो हात हुन्छ । त्यसकारण विद्यालयलाई आधुनिक, वैज्ञानिक तथा व्यवहारिक ज्ञानको विषय सिकाउने पाठशालाको रुपमा विकास गर्नु अहिलेको आवश्यकता हो । सोही विषयलाई मध्यनजर गर्दै वाग्मती प्रदेश सरकारले विभिन्न योजनाहरु विद्यालय तहमा लागू गर्न खोजी रहेको छ । सोहीअन्तर्गत् वाग्मती प्रदेश सर कारले सामुदायिक विद्यालयमा प्रयोगशाला संचालन गर्नका लागि अनुदान दिने भएको छ । वाग्मती सरकारले शिक्षा विकास निर्देशनालयमार्फत सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला संचालनका लागि १२ देखि १५ लाख रुपैयाँ अनुदान दिने भएको हो । सामुदायिक विद्यालयमा सूचना प्रविधिको विकास र प्रविधियुक्त शिक्षाका लागि अनुदान कार्यक्रम अघि बढाइएको र चालु आव २०७८/०७९ को बजेटमा ७ करोड रुपैयाँ छुट्याइएको छ ।

निर्देशनालयले 'सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना सम्बन्धि कार्यविधि, २०७८' अनुसार छनोट भएका विद्यालयलाई प्रति विद्यालय १५ लाख, र विज्ञान, विषयगत प्रयोगशाला स्थापना गर्न बढीमा १२ लाख अनुदान दिइने बताइएको छ । बजेटमा उल्लेख गरिएको कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि बनाएर अघि बढाइएको हो । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७८/०७९ को बजेटमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गतको सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान, विषयगत र सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने उल्लेख गरेको थियो । प्रयोगशाला स्थापना गर्ने विद्यालय माध्यमिक तहसम्म सञ्चालित हुनुपर्ने, विद्यालयमा विद्युत पुगेको र जडान गरेको हुनुपर्ने मापदण्ड कार्यविधि तोकिएको छ ।

कार्यविधिमा प्रयोगशाला स्थापना गर्न यसभन्दा अघि तीनै तह संघ, प्रदेश र स्थानीय तहबाट बजेट उपलब्ध नगराइएको विद्यालय व्यवस्थापन समितिको निर्णय समेत आवेदनमा संलग्न हुनुपर्ने, विद्यालयको संरचना, विद्यार्थी संख्या, छात्रा भर्ना दर, भौगोलिक क्षेत्र, विगत तीन वर्षको एसइइको नतिजालगायत कार्यविधिले तोकेको सूचकको आधारमा विद्यालय छनोट गरिने उल्लेख छ । प्रदेश सरकारले यसअघि पनि विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गर्न सहयोग गरिसकेको छ । एक विद्यालय एक नर्स कार्यक्रम अगाडि बढेको छ । यो कार्यक्रम अहिले लोकप्रिय भइरहेको छ । विद्यालयलाई प्राविधीमैत्री बनाउँदै व्यवहारिक ज्ञान सिकाउने थलोको रुपमा विकास गर्न आजैबाट हामी सवै एकभएर लाग्न जरुरी छ । स्थानीय तह, प्रदेश र संघीय सरकारले मात्र नभएर अभिभावकले पनि आफ्नो तर्फबाट विद्यालयलाई सुविधा सम्पन्न बनाउन पहल गर्नु दायित्व हो । यस विषयमा समयमै सोच्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ कार्तिक ८ गते सोमबार २५ अक्टोबर २०२१ । असोज कार्तिक कृष्ण पञ्चमी । कौलागा द्वितीया ११४१ । सूर्योदय ६:०९ र सूर्यास्त ५:२५ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रुबाट मुक्त | **तुला** | : प्रेममा सफलता |
| **वृष** | : मिष्ठान्न भोजन | **वृश्चिक** | : आफन्तजन भेट |
| **मिथुन** | : आलश्यता | **धनु** | : भित्रजन भेट |
| **कर्कट** | : सुख प्राप्ति | **मकर** | : धन प्राप्ति |
| **सिंह** | : यात्राको योग | **कुम्भ** | : धन नष्ट |
| **कन्या** | : अध्ययनमा बाधाशत्रुबाट मुक्त | **मीन** | : शुभ कार्यको थालनी |

# बीपीको पार्टीमै विवेक र इमानको खडेरी !



गुरुराज घिमिरे

लोकतान्त्रिक पार्टीमा विधि र नीतिका आधारमा निर्णय हुन्छ । ती निर्णयहरु विधिअनुरूपका प्रक्रियाका आधारमा पारदर्शीरूपमा कार्यान्वयनमा आउँछन् । लोकतान्त्रिक पार्टी नेतृत्वको हैकमबाट होइन सामूहिक भावनाका आधारमा हुने निर्णयबाट संचालन हुन्छ । गुटको दलदलमा दल फस्ने होइन, विचार समूहको बहसका आधारमा अवसरहरुको न्यायोचित वितरण हुन्छ । तर, नेपाली कांग्रेसमा अहिले पनि ४८ साल देखि अवसर पाउँदै आएकाहरू नै मन्त्री बन्दैछन् । एकपटक बन्नु दुइपटकका लागि अवसर, दुईपटक बन्नु तीन पटकका लागि अनि तीन पटक बन्नु चारपटकका लागि अवसर बन्ने चक्र चलिरहेको छ । जिम्मेवारी पाएर पदमा रहँदा 'डेलिभरी' शून्य छ, कार्यसम्पादन निराशाजनक छ, त्यही निराशा बाँडेबापत उसैलाई प्रोत्साह दिने काम पार्टीमा भइरहेको छ ।

नागरिकमा निराशा बाँडेबापत बारम्बार अवसर पाउने कारण के हो ? के कांग्रेस नेतृत्व नागरिकको विश्वासबाट चुडिन लागेको हो ? संसारको कुनै पनि लोकतन्त्रमा यस्तो हुँदैन । प्रजातान्त्रिक मुलुकमा यस्तो कुरा कतै पनि अभ्यास भएको पाइँदैन । तर, हाम्रोमा खुलेयाम भइरहेको छ । अर्को कुरा हाम्रो पार्टी लोकतान्त्रिक पार्टी हो तर पार्टी नेतृतव र गुटको हैकमबाट चलिरहेको छ । जो पार्टीका मूल नेता हुन्छन् उनैको हैकममा पार्टी चल्दैछ । प्रजातन्त्रले हैकमलाई वर्जित गरेको हुन्छ/निषेध गरेको हुन्छ । प्रजातान्त्रिक प्रणालीमा नेतृत्वले हैकमले होइन संस्थालाई सरोकार राख्ने व्यक्तिहरूको सल्लाह, सुझाव र सहभागितामा मात्र पार्टी संचालन हुन्छ । लोकतन्त्रमा देश सरोकारवाला सहभागितामा चल्नुपर्छ । प्रजातन्त्रमा विश्वास राख्ने पार्टी पनि यसरी नै चल्नुपर्छ । तर, नेपाली कांग्रेसमा यी कुराको अभाव देखिएको छ । हाम्रो लोकतन्त्र मुट्ठीभर मान्छे (कठपुतलीहरू) बाट चलिरहेको छ ।

बेलायतका प्रधानमन्त्री टोनी ब्लेयरले सन् १९९४ मा आफू शक्तिमा आइसकेपछि प्रजातन्त्रलाई 'सरोकारवालाको प्रजातन्त्र' भने । सरोकारवाला सबैको स्वामित्व रहने प्रजातन्त्र भन्न उनले त्यो शबदावली प्रयोगमा ल्याए र अभ्यास गराए । सरोकारी लोकतन्त्रले सीमित व्यक्तिका लागि मात्र अवसर दिने कुरा वर्जित गर्छ । सहकारिताको भावनामा चल्ने प्रजातन्त्र हो सरोकारी प्रजातन्त्र । यसले देशलाई र पार्टीलाई बलियो बनाउँछ ।

तर, हाम्रो पार्टी सरोकारी लोकतन्त्रसहितको पार्टी बन्न सकेन । नेताको मनोगत आकांक्षामा चल्ने पार्टी बन्यो । गुटमा पनि गुटकै नेताको मनोगत चाहनाबाट चल्यो, समग्र पार्टीमा पनि नेताले गुटबाट माथि उठ्ने हैसियत नै देखाएनन् । मनोगत चाहना र गुटगत स्वार्थले पार्टीलाई कार्यकर्ताको अपनत्वबाट टाढा पुऱ्याउँछ । यो भासमा डुबेपछि पार्टी पार्टीकै रूपमा रहिरहन मुस्किल हुन्छ । यस्तो पार्टीलाई लोकतन्त्रिक भनिदैन । अलिकतिमात्रै पनि विवेक भएका मान्छेले यो विकृति विसंगति औंल्याउँछन् । औंल्याउनेहरू विकृति विसंगतिमा सुधार नभए त्यहाँको आबद्धताबाट निस्क्रिय बन्न सक्छन् ।

बीपीले नै भनेका छन् - पार्टीभित्र जसले मनोगत चाहना र स्वेच्छाचारिताको खुलेर विरोध गर्छ उही नै असली कार्यकर्ता हो, पार्टीको सच्चा सदस्य हो । हामीले देखेका कुरा औंल्याएनौ भने हामी पनि सच्चा कार्यकर्ता रहँदैनौ । नेपाली कांग्रेसभित्र यो कुराको महसुस गरेकाहरूले संगठित रुपमा आवाज उठाउने हो भने यो प्रवृत्तिको अन्त्य पनि असम्भव छैन । यो प्रवृत्तिको अन्त्य भएर नेपाली कांग्रेस नीतिअनुरूप चल्यो भने साँच्चैको लोकतान्त्रिक पार्टी बन्छ । त्यसो हुन सकेन भने पार्टीभित्र मौलाएको स्वेच्छाचारिता अझ झाँगिन्छ र फेरि पनि लोकतन्त्रले अधोगति हुँदै पतनको बाटो समाउँछ । त्यसो भयो भने लोकतन्त्रको भविष्य जोखिममा पर्छ । प्रतिक्रान्तिको जोखिम बढ्दै जान्छ र गैर लोकतान्त्रिक शासन प्रणालीको उदय हुन्छ । लोकतन्त्रलाई स्वेच्छाचारिताले थिच्यो, नेताहरुको स्वेच्छाचारिताले लोकतन्त्रका मूल्य मान्यतालाई प्रहार गऱ्यो र त्यसलाई रोक्न सकिएन भने प्रतिक्रान्ति अवश्यम्भावी हुन्छ र गैरलोकतान्त्रिक शक्तिको उदय हुन्छ ।

नेपालमा विरोधी शक्तिहरूको प्रहारबाट लोकतन्त्र जति खतरामा छ त्यसभन्दा बढी लोकतान्त्रमाथि लोकतान्त्रिक पार्टीका नेताहरूको स्वेच्छाचारिताबाट खतरा छ । हाम्रा गतिविधि जस्ता छन्, हाम्रो निर्णय प्रक्रिया जस्तो छ यी कुराबाट लोकतन्त्र विरोधीहरूबाट भन्दा बढी असुरक्षित बन्दैछ । लोकतन्त्रका पक्षधरहरु गैर जिम्मेवार हुँदा लोकतन्त्र विरोधी स्वत: बलिया हुन्छन् । अझ लोकतान्त्रिक शक्तिको नेतृत्व अलोकतान्त्रिक हुनु अलोकतान्त्रिक शक्तिलाई बढी उर्जा दिने काम (युलिङ) गर्नु हो । हामीले गलत गर्दै जाने र हाम्रा खरावी बढ्दै जाने हो भने त लोकतन्त्रवादीमाथि जनताको आस्था पनि घटेर जान्छ । परिणाम, सिंगो लोकतन्त्र धरापमा पर्छ । त्यसैले लोकतन्त्रको भविष्य कस्तो रहन्छ भन्ने निर्धारक हाम्रै गतिविधि हुन् ।

हाम्रो क्रियाकलापले लोकतन्त्रलाई केन्द्रमा राख्न सकेन र जनताका सवालमा नजर अन्दाज गरियो भने लोकतन्त्रको भविष्य अनिश्चित हुन्छ । लोकतन्त्रमा मैले वा उसले जित्ने कुरा महत्वको विषय हुन सक्दैन । लोकतन्त्रमा व्यक्ति गौण हो, पद्धति प्रमुख हो । लोकतान्त्रिक पार्टीमा एउटा गुट बलियो र अर्को गुट कमजोर हुँदा खुसी हुने जुन प्रवृत्ति देखिँदैछ, यहीँ लोकतन्त्रमा खतरा देखिदैछ । सबैको योगदानले पार्टी यहाँसम्म आएको हो । सबैको योगदानबाट पार्टी यहाँसम्म आएको हो भने सबैको स्थान पनि त सुरक्षित हुनुपर्छ । चरम निस्क्रियता, अयोग्यता वा अकमण्यता र अलोकप्रियताको प्रभाव छ भने मूल्यांकन हुन्छ र त्यस्ता व्यक्तिहरु आफै विस्थापित हुन्छन् । तर, पार्टीमा सक्रिय, पार्टीलाई निरन्तर योगदान दिइरहेका व्यक्तिलाई नै भित्तैमा घचेट्न र धकेल्न खोजिन्छ वा एउटा समूहका खास मान्छेहरूको थिचोमिचो र प्रभूत्व बढाइन्छ भने त्यो लोकतन्त्र बाँच्दैन । लोकतन्त्रमा प्रतिपक्षी शक्तिको महत्वपूर्ण स्थान रहन्छ । संसद मात्र होइन, पार्टीहरूमा पनि यसको महत्वपूर्ण स्थान हुन्छ । प्रतिपक्षका जायज र नाजायज कुरा छुट्याइदिनसक्ने नेतृत्व चाहिन्छ र प्रतिपक्ष पनि जिम्मेवार र रचनात्मक हुनुपर्छ । यसको सन्तुलन बिग्रियो भने पनि लोकतन्त्र कमजोर हुन्छ । तर, हाम्रोमा नेतृत्व र प्रतिपक्षको सन्तुलन भताभुङ्ग अवस्थामा छ ।

पार्टी गलत बाटोमा गएको छ वा सही बाटोमा हिडिरहेको छ ? यसको मूल्यांकन गर्ने काम पार्टीकै कार्यकर्ताको हो । पार्टीका नेता/कार्यकर्ताको प्रत्यक्ष सहभागिताबाट नै पार्टीले नीति निर्माण गरेको हुन्छ र आफ्ना लक्ष्य निर्धारण गरेको हुन्छ । पार्टीका सदस्यहरूले नै पार्टी गलत बाटोमा गइरहेको छ भने सच्याउने र सही दिशानिर्देश गर्ने हो । पार्टीका सदस्य पार्टीभित्रका बेथिति र यावत विकृतिमा मौन बसे भने त्यो पार्टी र लोकतन्त्र दुवैको भविष्य जोखिममा पर्छ । लोकतन्त्रको मर्मविपरीतका कार्य भइरहँदा पनि पार्टीका कार्यकर्ता मौन बस्छन् भने त्यस्तो पार्टीको आन्तरिक लोकतन्त्रमात्र होइन लोकतान्त्रिक प्राणाली नै असुरक्षामा रहनपुग्छ । लोकतन्त्र असुरक्षित भइहाल्यो भने पनि त्यसबला त्यस्ता नेता/कार्यकर्तालाई आँसु बगाउने अधिकार बाँकी रहँदैन । नेपाली कांग्रेस ठूलो उद्देश्यका लागि राष्ट्रलाई र जनतालाई केन्द्रमा राखेर गठन भएको दल हो । विभिन्न जातका निरंकुशतावादी, सामन्तवादी र अप्रजातान्त्रिक सोचलाई निराकरण गरेर सिमान्तमा रहेका जनतालाई यो देश मेरो पनि हो भन्ने भावना जगाएर सबल राष्ट्र निर्माण गर्ने माध्यम हो राजनीतिक पार्टी । यसको प्रमुख काम सीमान्त जनताका भावनालाई मुखरित गर्ने हो । त्यसलाई सतहमा पुऱ्याएर सामाधानको खोजी गराउने काम लोकतान्त्रिक पार्टीको हो । पार्टी धेरै मानिस संगठित भएको एउटा बृहत् परिवार हो । पार्टीका हरेक क्रियाकलापमा सबै सदस्यको सहभागिता र सरोकार रहन्छ । राम्रो काम गर्दा सबै सदस्य उत्साहित रहन्छ भने गलत काम भएमा त्यसले सबैलाई दु:खी बनाउँछ । त्यसैले पार्टीका कार्यकर्ताहरू सामूहिकरूपमा सच्याउन लाग्छन् ।

कांग्रेसमा यो कुरा पनि ठीकसँग कार्यान्वन भइरहेको छैन । संघर्षमा पार्टीको सबै सदस्य साझेदार र सहभागी छन् । गलत 'ट्र्याक'मा गएको देशलाई सही बाटामा ल्याउन आन्दोलन र संघर्ष गर्छन् । तर, उपलब्धिमा निश्चित समूहले तर मार्ने काम गरिरहेको छ । परिणामस्वरूप संघर्षमा रगत पसिना बगाएकाहरू मूकदर्शक/रमिते बन्नुपर्ने अवस्था छ । यो वर्तमानको सबैभन्दा ठूलो अवगुणमात्र होइन लोकतन्त्रका लागि त्रासद अवस्था पनि हो । दुनियाँका फस्टाएका लोकतन्त्रमा यस्तो कहिँ पनि हुँदैन ।

तुलनात्मक रूपमा छिमेकी मुलुक भारतमै पनि लोकतन्त्र फस्टाएको छ । रीति, थिति, परंपरा र परिपाटीको हाम्रोमा भन्दा धेरै परिपालना भएको छ । सन् १९४७ मा भारत स्वतन्त्र भए यता र १९४९ मा संविधान जारी भए यता ७२ वर्षमा भारतको लोकतन्त्र खासै संकटमा परेन । त्यहाँ सरकारहरू संकटमा परे, पार्टीहरू पनि संकटमा परे तर लोकतन्त्र नै संकटमा परेको छैन । किनभने त्यहाँ विधि र प्रक्रियामा चल्ने प्रणाली स्थापित गरियो । त्यसले आफैं काम गर्न थाल्यो । अमेरिका सन् १७७६ मा स्वतन्त्र भयो । त्यसपछि त्यहाँ लोकतन्त्र संकटमा परेको छैन । स्वतन्त्रता प्राप्तिपछि अमेरिककामा 'सिभिल वार' भयो । काला र गोराका बीचमा संघर्ष पनि भयो । तर, लोकतन्त्र नै संकटमा चाहिँ परेको छैन । पछिल्लोपटक त डोनाल्ट ट्रम्पले राष्ट्रपतिमा बहाल रहँदै निर्वाचनको परिणाम अस्वीकार गर्नेजस्तो अलोकतान्त्रिक र गैरराजनीतिक हठ लिएर ज्यादती गर्न खोजे पनि लोकतन्त्रलाई संकट पार्न सकेनन् । त्यहाँको लोकतन्त्र यस्तो दह्रोसँग स्थापित भएको रहेछ कि अमेरिकाको सबभन्दा शक्तिशाली पदमा बहाल रहेको दुनियाँकै शक्तिशाली मान्छेले पनि संकट ल्याउन सकेन । निर्वाचनको परिणाम उल्टाउने प्रयासलाई त्यहाँको पद्धतिले असफल बनाइदियो । हाम्रोमा लोकतन्त्र बारम्बार जानेआउने भइरहेको छ । हाम्रोमा पद्धतिलाई बलियोसँग स्थापित नगर्दाको परिणाम हो यो ।

यहाँ त पद्धति बसाल्नै सकिएन, सायद चाहिएन । पूर्णप्रजातान्त्रिक सोच, पूर्णप्रजातान्त्रिक चरित्र र पूर्णप्रजातान्त्रिक प्रतिबद्धता भएका व्यक्ति शासनमा नपुग्दा हाम्रोमा यो हालत भएको हो । त्यसबाहेक हाम्रोमा अलिकति फरक अवस्था कम्युनिस्टहरू प्रभावशाली हुनुले पनि आएको छ । हाम्रोमा लोकतन्त्रलाई सङ्लिन नदिन र वातावरण बिथोल्ने काम कम्युनिस्टहरूबाट भएको छ । पुराना शक्ति (जो अलोकतान्त्रिक भएकै कारण राजपाट गुमाए) उनीहरूभन्दा जनमतमा धेरै बलिया देखिएका कम्युनिस्टले प्रजातन्त्रको यात्रामा अवरोध उत्पन्न गरे । लोकतन्त्र उनीहरूको धेय नहुँदा राजपाट सम्हाल्दा कम्युनिस्टहरूले लोकतन्त्रलाई ध्येय बनाउने कुरै भएन । बरू जनतामा स्थापित लोकतन्त्रप्रतिका धारणा बदल्ने र अराजकता उत्पन्न गरेर आफ्नो अस्तित्व निरन्तर राख्ने तिनको लक्ष्य बन्यो ।

हामी कांग्रेसीहरूले पनि लोकतन्त्रको मर्मअनुसार, मूल सिद्धान्त र आचरणअनुसार लोकतन्त्र र व्यवस्थालाई अघि नबढाएर त्यसको मतियार बनेका छौं । हामीमा पनि पुराना व्यवस्थाका मानिसहरूको चारित्रिक बिरासतमा आयो । कम्युनिस्टहरूका पनि केही खराबी हामीमा आए । त्यसैले लोकतन्त्र पटकपटक गुम्न पुग्यो । कुनैपनि लोकतान्त्रिक पार्टीको जीवन उसको आन्तरिक लोकतन्त्रमा भर पर्छ । आन्तरिक लोकतन्त्र भनेको मूलत सरोकारी हुनुपर्छ । विधिको निष्ठापूर्वक अभ्यास हुनुपर्छ । हामीले गरेको निर्णय पारदर्शी हुनुपर्छ । निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता हुनुपर्छ । अवसरको न्यायोचित वितरण हुनुपर्छ । तर, हुनपर्ने कुरा कांग्रेसमा भइरहेको छैन । पार्टीमा मूल नेताको प्रभुत्व र पार्टीभित्रका गुटमा गुटकै नेताको प्रभुत्व छ । मनोगत चाहनाअनुसार पार्टी र गुट चल्ने, विधि र पद्धतिको उपहास हुने काम भइरहेकै छ । अवसरको वितरणमा पनि भेदभाव नै देखिन्छ । दलभित्र अवसरको वितरण गुटका आधारमा हुने, गुटको पनि आफ्ना आज्ञाकारीलाई मात्र अवसर उपलब्ध गराउने अभ्यास भइरहेकै छ । संघर्षमा सबै साझेदार हुने तर अवसरमा चाहिँ तमासे भएर हेर्नुपर्ने अवस्था छ ।

यो लोकतान्त्रिक पार्टीको चरित्र हुँदैहोइन । हाम्रो पार्टी यीनै प्रवृत्तिहरुबाट शिकार भएको छ । कांग्रेसमा पुस्तान्तरण र रुपान्तरणको बहस चलिरहेको छ । पार्टी जसरी चल्नुपर्ने हो केन्द्रदेखि वडासम्म त्यसरी चलिरहेको छैन । अहिलेको लागि पार्टीको रुपान्तरण भनेको पार्टीलाई केन्द्रदेखि वडा तहसम्म सहीरूपमा चल्ने परिपाटी निर्माण गर्नु हो । पार्टीका सदस्यहरूले कस्तो पार्टी खोजेको छन् भन्नेमा पनि ध्यान पुग्नु अवश्यक छ । पार्टीका कार्यकर्ताले खोजेको - नेताको बोलीमा विश्वसनीयता होस् । नेतृत्वमा प्रभावकारिता होस् र नेतामा प्रतिस्पर्धी क्षमता पनि होस् । नेताको जीवनशैली सरल होस् र पारदर्शी पनि बन्न सकोस् । आफूले मान्ने नेता बेदाग होस् । नेता विनम्र भइदियोस्, कार्यकर्ताका लागि सहजै उपलब्ध पनि होस् । पार्टीको केन्द्रदेखि वडासम्मका कार्यालय अन्य संस्थाका कार्यालयजस्तै नियमितरूपमा चल्न सकुन् । पार्टीभित्रको ठूलो संख्याका सदस्यले क्षमताका आधारमा जिल्मेवारी पाउन् । उनीहरुले क्षमताका आधारमा पार्टीबाट 'फेबर' खोजेका छन् भने पाउन् ।

पार्टीमा सदस्यका लागि दण्ड र पुरस्कारको नीति लागू होस् । राम्रो काम गर्ने जुनसुकै तहको व्यक्ति किन नहोस्, उसले प्रोत्साहन पाओस् । नराम्रो काम गर्ने कोही छ भने जुनसुकै तहको होस् उसलाई दण्ड दिने व्यवस्था गरियोस् । अनुशासनको परिपालनाका लागि कडा नीति अख्तियार गरियोस् । अहिले त गुटका आधारमा अवसरको वितरण हुन्छ । पाएका अवसर पनि गुटले न्यायोचित वितरण गर्दैन । पार्टीले त झन् गर्दै गर्दैन । यी गलत प्रवृत्तिमा बदलाव होस् । सकारात्मक परिवर्तनतर्फ कांग्रेस जाओस् यही त हो नि कार्यकर्ताले हेर्न खोजेको कांग्रेस । यस्तो कांग्रेस बन्यो भने जनताका सवालमा अथाह काम गर्न सक्छ । व्यक्तिगत लाभ र गुटगत स्वार्थमा नेताहरु चुर्लुम्म डुवेका कारण कार्यकर्ताले नेतामाथि नै विश्वास गर्न नसक्ने र पार्टीमाथि जनताले विश्वास गर्न नसक्ने अवस्था निर्माण भएको छ । अरू पार्टीको अवस्था यसभन्दा पनि खराब छ तर लामो राजनीतिक यात्रा र अनन्त भविष्यसम्मको राजनीतिक मियो बन्ने कांग्रेस अरूका खराबीमा आफ्नो सुरक्षा खोज्ने पार्टी बनेर बस्न सक्तैन । अरूभन्दा हामी कम खराब छौं भनेर होइन हामी असल छौं, जनताका सवालमा हामी चुक्दैनौ भन्न सक्नुपर्छ ।

जनअपेक्षालाई उपेक्षा गरेर होइन जनअपेक्षाभन्दा एक कदम अघि बढेर जनता र देशका आवश्यकता यी हुन् भन्न सक्ने कांग्रेस बनाउनु रूपान्तरणका पक्षधरको जिम्मेवारी हो । यो जिम्मेवारी कांग्रेसको महाधिवेशनमा एक जना सभापतिको चयनका समयमा चिन्ता गरेर पुरा हुँदैन । यो जिम्मेवारी त प्रत्येक कांग्रेसीले आचरण सुधारको प्रतिबद्धताबाट सुरु हुन्छ । त्यसको अभिमत वडा तहमा नेतृत्व र प्रतिनिधि छनोटमा सुरु गरेर केन्द्रीय महाधिवेशनको केन्द्रीय नेतृत्व चयनमा गएर टुंगिने हो ।

अहिले वडा अधिवेशन भएका स्थानमा कार्यकर्ताले यो अभियान थालेका छन् भन्ने मेरो विश्वास छ । वडा अधिवेशन बाँकी रहेका स्थानमा आफूलाई सुधार्दै संगठन र पार्टीमा सुधार ल्याउने प्रतिबद्धता नेता कार्यकर्तामा हुँदै होला । त्यो प्रतिबद्धताले कांग्रेसको १४ औं महाधिवेशनमा आफ्नो अमूल्य मतमार्फत एउटा अभिव्यक्ति दिनेछ । जुन कांग्रेस पार्टीको अनन्त भविष्यका लागि बलियो जग बन्नेछ । (कुराकानीमा आधारित) घिमिरे नेपाली कांग्रेसका केन्द्रीय सदस्य हुन् । (बाह्रखरी)

# कागती खेती अभियानमा गौरीगञ्जका ज्ञानहरि

गुरुराज घिमिरे

चितवन, (रासस) / 'देशको माटो रम्न सके रम्छ नेपाल' यो नारासँगै यहाँका एक कृषक कागती खेतीमा जुटेका छन् । भरतपुर महानगरपालिका-८ गौरीगञ्जमा कुटो कोदालो कृषि बारी नामक संस्था दर्ता गरेर स्थानीय ज्ञानहरि कँडेल कृषि अभियानमा जुटेका हुन्।` उनले अहिले आफ्नो सात कठ्ठा जमिनमा कागती खेती गर्दै आएका छन् । कँडेलले विदेशको यात्रालाई रोकेर आफ्नै बारीमा कागती खेती गर्दै आएको हुन् । छ वर्ष पहिले विदेश जाने सोचमा रहेका कँडेल राहदानी (पासपोर्ट) बनाउनका लागि सिफारिस लिन जानुभन्दा अघिल्लो दिन साँझको टेलिभिजन कार्यक्रमले उनलाई कृषि कर्ममा आकर्षित गऱ्यो । टेलिभिजन कार्यक्रममा नेपालमा कागती लाखौको आयात हुने सुनेपछि उनले विदेशको यात्रालाई पूर्णविराम लगाउँदै यस व्यवसायमा लागेकाहुन् । उनले भने, "विदेश जाने रहर होइन । साथीभाइ सबै विदेशमा भएकाले केही समय विदेश जाउँ भन्ने लागेको थियो । तर पछि मन बद्लियो ।" टेलिभिजन कार्यक्रम हेरेर प्रभावित बनेपछि आफ्नै देशको माटोमा केही गर्नुपर्छ भन्दै उनले कागती खेती सुरु गरेको स्मरण गरे । कँडेलले सुरुआतमा आफ्नो सात कठ्ठामा १०० वटा कागतीका बिरुवा लगाए । उनको बारीमा सुन कागती लगाउएका छन् । उनले भने, "महिनामा चार क्विन्टल कागती बेच्छु, बजारको समस्या छैन ।" आजकल दैनिक २०-२५ केजी कागती टिप्ने गरेको उनले बताए । कागती अमिलो भएपनि यसको आम्दानी भने निकै गुलियो हुँदो रहेछ", उनले खुसी हुँदै भने। "पाकेका कागती टिप्दा सुन टिपेको महसुस हुन्छ ।" मासिक सर दर रु ५० हजार कागती बेचेर कमाउन सफल भएको उनको भनाइ छ । ग्राहक तथा व्यापारी घरमै आएर कागती लैजाने गरेका छन् । खपत नभएका बेला कहिलेकाहीँ तरकारी तथा फलफूल मण्डीमा पुऱ्याउनुपर्ने भए पनि खासै बजारको समस्या नभएको उनले बताए । "अन्य फलजस्तो केही दिनमै सड्ने, बिग्रने, चराले बारीमै सखाप पार्ने समस्या हुँदैन ।" खेती सजिलो छ, हेरचाह पुगे विदेशमा कमाइ हुने पैसा कागतीले यही दिन्छ । कागती खेती गर्नु अघि उनी हार्डवेयरको व्यापार गर्थे । हार्डवेयरको व्यवसाय छाडेर तरकारी खेती, मकै खेती गरेका उनी र उनको परिवार अहिलेको व्यवसायबाट सन्तुष्ट छ । यो व्यवसायलाई बढाएर एक बिघा पुऱ्याउने लक्ष्य उनको छ । "पहिला मैले यो व्यवसाय गर्दा मलाई गाउँलेले काँडाघारी बनाउन थाल्यो भन्थे । अहिले कृषि कर्म गर्नुपर्छ भन्ने सबैमा परेको छ ।" उनलाई पहिला बुद्धि बिग्रिएको भन्दै स्थानीय शोभाकर कँडेल अहिले व्यावसायिकरुपमा खेती गर्नुपर्छ भन्नेमा पुगेको बताउछन्। "हामीले पहिला नहुने काम गर्दै छ भनेका थियौं । अहिले उनकै प्रगति देख्दा खुसी लागेर आउँछ ।"अहिले उनले गरेको व्यवसायलाई कृषि अनुसन्धान निर्देशनालय लुम्ले कास्कीले अनुसन्धान केन्द्रको रुपमा विकास गरेको छ । केन्द्रका प्राविधिक अधिकृत (बागबानी) रेशमबहादुर बस्नेतले यहाँको उत्पादन भण्डारण क्षमताको अनुसन्धानका लागि काम भइरहेको बताउए । यहाँ उत्पादित कागतीलाई स्याङ्जामा लगेर स्टोर गर्ने गरेको उनले भनाई छ । अहिले यसको भण्डारण क्षमता १० देखि १५ दिनको भए पनि यसलाई अझै कसरी बढाउन सकिन्छ भन्ने विषयमा अध्ययन सुरु गरिएको छ ।

केन्द्रले नेपालमा यही फार्ममा मात्रै अध्ययन सुरु गरेको बताए । कागती बहुगुण भएको सुन्तला प्रजातिको फल हो । भिटामिन सी प्रशस्तै पाइन्छ । रोग प्रतिरोधात्मक क्षमता बढाउन सघाउने भएकाले कोभिड-१९ को पहिलो र दोस्रो चरणका बेला कागतीको खपत निकै बढेको थियो । मोटोपन घटाउन, मुटु, रक्तचाप, पत्थरी नियन्त्रण गर्न, छालाको सौन्दर्य बढाउन कागती उपयोगी मानिन्छ । हरेक दिन कागती पानी पिउनु स्वास्थ्यका लागि राम्रो मानिन्छ ।

# गीतले सम्झाइदिएको मरौटी

बागलुङ (रासस)/ *'रमरम मरौटी*
*तिम्रो रुपै करौंती...'*

युट्युब, टिकटकजस्ता डिजिटल माध्यममा छाइरहेको यो गीतले औषधीय गुण भएको वनस्पति मरौटीलाई पुन: एकपटक जनजीब्रोमा स्थापित गरिदिएको छ ।

भिडियो बनाएर टिकटकमा 'शेयर' गरिरहेका नयाँ पुस्तामाझ पक्कै मरौटीबारे थाहा पाउने हुटहुटी जागेको हुनुपर्छ । हामीमध्ये पनि कतिपयलाई मरौटी के हो ? जानकारी नहुन सक्छ, या बिर्सिदिएका हुनसक्छौँ । गायक खेम सेञ्चुरी र गायिका अस्मिता अधिकारीद्वारा स्वरबद्ध गीतले मरौटी शब्दलाई जुन ओजका साथ उछालेको छ, उति नै त्यो गुणकारी पनि छ । युट्युबमा सार्वजनिक भएको तीन सातामै ५० लाख भ्यूज कमाउन सफल गीतमा प्रयोग गरिएको मरौटी खासमा के हो त ?




स्वास्थ्य रक्षाका लागि क्रियाशील आयुर्वेद समाजका अध्यक्ष रमाकान्त सापकोटाका अनुसार मरौटीको पञ्चाङ्ग नै (जरा, डाँठ, पात, फल र फूल) आयुर्वेदिक आषैधिमा प्रयोग हुन्छ । मरौटीलाई जनबोलीमा मरहट्टि र भुइँ टिमुरसमेत भनेर चिनिने गरेको उनले सुनाए । "मरौटी हल्का पिरो, टर्रो र रमरम स्वादको हुन्छ", सापकोटाले भने, "महाराष्ट्रिय सोरसलगायत आयुर्वेदिक औषधिमा यसको प्रयोग हुन्छ ।" खोकी, शरीर, दाँत दुखाइ, मुखमा घाउ, खटिरा आउने जस्ता समस्यामा मरौटीको प्रयोग लाभदायी हुने उनको भनाइ छ । स्वासप्रस्वास र पाचन प्रणालीलाई पनि मरौटीबाट बनेको आयुर्वेदजन्य औषधिले फाइदा गर्ने सापकोटाले बताए । घरगाउँमा पेट, दाँत दुख्दा, अपच हुँदा र रुघाखोकी लाग्दा मरौटी खाने चलन छ ।

सामुदायिक वन उपभोक्ता महासंघ बागलुङका अध्यक्ष राज थापाले मरौटी बहुउपयोगी वनस्पति भएको बताए । "औषधि र मसलाजन्य दुवै गुण मरौटीमा पाइन्छ", उनले भने, "खाना स्वादिष्ट बनाउन भान्सामा पनि यसको प्रयोग हुन्छ ।" अचार र चटनीमा राख्दा मरौटीले अझ बढी स्वाद थप्छ । आयुर्वेदको तयारी औषधिबाहेक घरायसी विधिबाट पनि मरौटीको प्रयोग गर्न सकिन्छ ।

झोल बनाएर खान सकिने र शरीर दुखाइमा पात/जरा दलेर पनि घरेलु उपचार गर्न सकिने आयुर्वेद चिकित्सक बताउँछन् । व्यावसायिक खेती नभएकाले ग्रामिण भेगमा फाटफुट्ट मात्र मरौटीको वनस्पति भेटिने गरेको थापाको भनाइ छ ।

उनले जंगलमा पाइने मरौटीलाई 'वन मरौटी' भन्ने गरिएको बताए । त्यो घरमा हुनेभन्दा केही मसिनो हुन्छ । आयुर्वेदीय गुण भने त्यसमा पनि उत्तिकै हुन्छ । मरौटी धेरै फलेमा टिपेर सुकाएर भण्डारण पनि गर्न सकिन्छ । झट्ट हेर्दा फूलझैँ देखिने मरौटीको फल सुकेर झरेपछि त्यसैबाट नयाँ बिरुवा पलाउँछ । मरौटीको व्यावसायिक खेती गर्न सके किसानको आयआर्जन बढ्ने धनवन्तरी स्वास्थ्य सहकारी संस्थाका अध्यक्ष सापकोटाले बताए ।

खोजी र संरक्षण नभए मरौटी लोप भएर जाने खतरा रहेको उनको भनाइ छ । गुणकारी वनस्पति सम्झाइदिने गीत 'रमरम मरौटी' मा कलकार पूजा शर्मा र ओवी रायमाझीको अभिनय छ । तीन साताअघि 'ओवी रायमाझी' युट्युब च्यानलबाट गीतको भिडियो सार्वजनिक भएको थियो ।

# शैक्षिक बेरोजगार न्यूनीकरणका गर्न लोकसेवाको तयारी कक्षा

साझाकुरा संवाददाता

वालिङ (रासस)/ स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगर पालिकाले लोकसेवा आयोगको नि:शुल्क तयारी कक्षा प्रशिक्षण सुरु गरेको छ ।

नगरपालिकाले शैक्षिक बेरोजगार न्यूनीकरणमा जोड दिँदै शुक्रबारबाट स्वास्थ्य सेवातर्फ अहेब/अनमीको एकमहिने नि:शुल्क तयारी कक्षा प्रशिक्षण सुरु गरेको हो । 'मानव संशाधनको विकास समृद्धिको निकास:समृद्ध स्मार्ट वालिङ निर्माणको आधार, शून्य शैक्षिक बेरोजगार' भन्ने मूल नारालाई आत्मसात् गर्दै नगरपालिकाले तयारी कक्षा सञ्चालन सुरु गरेको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउ ।

'सरकारी सेवामा स्याङ्जा जिल्लाको छुट्टै पहिचान छ, त्यसलाई अझै पुष्टि गर्नुका साथै पहिचानलाई जोगाइराख्नका लागि पनि हामीले नि:शुल्क तयारी कक्षा सञ्चालन गरेका हौं', उनले भने,'आगामी दिनमा वालिङका कर्मचारीलाई सरकारी सेवामा बढीभन्दा बढी उत्तीर्ण बनाउने लक्ष्यसहित अगाडि बढेका छौँ ।'

नगरपालिकाले लोकसेवा आयोगले हाल माग गरेको अहेब/अनमी पदलाई लक्षित गरी तयारी कक्षा सञ्चालन गरेको हो । यसअघि गत वर्ष नगर पालिकाले नि:शुल्करुपमा नायब सुब्बा र खरिदारको तयारीका लागि प्रशिक्षण कक्षा सञ्चालन गरेको थियो । 'पहिलो चरणमा नायब सुब्बा र खरिदारलाई लक्षित गरी नि:शुल्करुपमा तयारी कक्षा सञ्चालन गर्‍यौं', प्रमुख खाँणले भने,'त्यसको उपलब्धि राम्रो देखियो, तयारी कक्षा सञ्चालनको प्रभावकारिता राम्रो भएकाले यसपटक प्राविधिकधारतर्फको स्वास्थ्य सेवाको अहेब र अनमीका लागि तयारी कक्षा सञ्चालन सुरु गरेका हौं ।'

नगरपालिकाले आगामी दिनमा बैंकिङ, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनामा प्रवेश गर्न चाहनेका लागि पनि गर्नुपर्ने सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने तयारी गरिरहेको प्रमुखा खाँणले जानकारी दिए । नगर भित्रका शिक्षित युवायुवतीलाई लक्षित गरिएको यस अभियानमार्फत शैक्षिक बेरोजगारी हटेर जाने नगर उपप्रमुख कल्पना तिवारीले दाबी गरे । नेपाल सरकारका विभिन्न परीक्षामा यहाँको जनशक्ति उत्कृष्ट भई सरकारी सेवामा कार्यरत हुनका लागि सघाउ पुग्ने विश्वास नगर पालिकाले लिएको उपप्रमुख तिवारीको भनाइ छ ।

नगरभित्र रहेका शैक्षिक बेरोजगार जनशक्तिका लागि लोकसेवा आयोगको तयारीका लागि टाढाटाढा जानुपर्ने बाध्यता हटेर जाने र आफ्नै ठाउँमा नि:शुल्क अध्ययन गर्न पाउने भएकाले पनि इच्छुकका लागि उपयोगी हुने शिक्षा शाखा प्रमुख बाबुराम सापकोटाले बताए । तयारी कक्षा सञ्चालनका लागि काठमाडौं, पोखरा तथा वालिङमै लामो समयसम्म अनुभव प्राप्त प्रशिक्षकमार्फत सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्ने वालिङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताए ।

लोकसेवा आयोगले तयार पारेको तथा सम्भावित पाठ्यक्रमका आधारमा तयारी कक्षा सञ्चालन हुनेछ । यो अभियान नगरपालिकामै पहिलो भएको उनको दाबी छ । तयारी कक्षा सञ्चालनका लागि प्राप्त भएका आवेदनका आधारमा हाल ८० जना महिला पुरुष प्रशिक्षार्थी सहभागी छन् ।*(रासस)*

# वाग्मती सफाइ महाअभियान ४४१ औं हप्ता

साझाकुरा संवाददाता

हेटौंडा/ वाग्मती सफाइ महाअभियानको ४४१ औं हप्तामा सिनामंगल पुलमुनिको नदी किनार सफाइ गरी सात मेट्रिक टन फोहर व्यवस्थापन गरिएको छ ।

पशुपतिस्थित आर्यघाट र भष्मेश्वर घाटमा शव जलाएपछि वाग्मतीमा फालिएका बाँस एवम् खट त्यस क्षेत्रमा धेरै भेटिएको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका सञ्चालक सदस्य डा. माला खरेलले जानकारी दिए । नदी किनारमा नियमित फोहर पनि नउठाएको अवस्थामा भेटिएको थियो । शनिबारको सफाइमा उठेको फोहर भने काठमाडौं महानगरपालिकाको गाडीले व्यवस्थापन गरेको थियो।

सफाइमा मुख्य अभियानकर्मी एवम् पूर्वमुख्यसचिव लीलामणि पौडेल, अधिकार सम्पन्न वाग्मती समितिका अध्यक्ष उद्धवप्रसाद तिमल्सिनालगायत अभियानकर्मी गरी २०० भन्दा बढीको सहभागिता थियो । कोभिड सुरु भएपछि पहिलोपटक शनिबार नेपाल प्रहरीको सानो समूह पनि सफाइमा सहभागी भएको थियो ।

विसं २०७६ चैतपछि कोरोना महामारीका कारण प्रहरीसहित नेपाली सेना र सशस्त्र प्रहरी सफाइमा सहभागी हुनसकेका थिएनन् । अर्को हप्तादेखि अरु सुरक्षा निकायलाई पनि सफाइका लागि बोलाउने विषयमा छलफल भइरहेको जनाइएको छ ।

यसैगरी शनिबारै मनोहरा सफाइ तथा सम्पदा बचाउ नागरिक अभियानको नेतृत्वमा हुने मनोहरा सफाइको २४०औं हप्तामा काठमाडौं महानगरपालिका-३२ बालकुमारी पुल छेउको नरेफाँटमा सफा गरिएको छ । १०० अभियानकर्मीको सक्रियतामा भएको सफाइबाट एक गाडी फोहर उठेको सफाइ संयोजक चन्द्र दुलालले जानकारी दिए ।

विसं २०७० जेठ ५ गतेदेखि महाअभियान सुरु भएको हो । त्यसदिनदेखि प्रत्येक हप्ताको



शनिबार बिहान दुई घण्टा वाग्मती सफाइ हुँदै आएको छ । महाअभियान सुरु भएदेखि प्रत्येक हप्ता शनिबार चाडबाड, जाडो, गर्मी प्राकृतिक विपद्मा पनि महाअभियान रोकिएको छैन । यसैगरी उपत्यकाको गुह्येश्वरी माथिको वाग्मतीको ४१० औं हप्ताको सफाइ अन्तर्गत गोठाटार पुलमुनिको नदी किनारमा सफा गरिएको छ । सफाइमा कुहिने र नकुहिने फोहरलाई छुट्याएर व्यवस्थापन गरिएको वाग्मती सुन्दरता सरोकार मञ्चका अध्यक्ष उत्तम पुडासैनीले जानकारी दिए ।

उपत्यकाका विष्णुमतीको माथिल्लो र तल्लो भाग, रुद्रमती, चक्रपथका उत्तरी र पश्चिमी खण्ड, ललितपुरको गोदावरी खोलालगायत स्थानमा पनि सफाइ गरिएको थियो ।

महाअभियान सुरु भएपछि वाग्मतीका सहायक नदीमा पनि सफाइ सुरु गरिएको हो । हाल उपत्यकाका २५ स्थानमा सफाइ भइरहेको छ । महाअभियानबाट प्रभावित भएर उपत्यका बाहिरका मुख्य सहर, नदी र सांस्कृतिकस्थलमा पनि सफाइ हुन थालेको छ । काठमाडौं उपत्यका बाहिर १०८ स्थानमा सफाइ भइरहेको महाअभियानले जनाएको छ । *(रासस)*

# भर्चुअलबाट एसियन भैंसी सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा/ दसौं एसियन भैंसी सम्मेलन भर्चुअल माध्यमबाट हुने भएको छ । भैंसीपालन, व्यवस्थापन, बजारीकरण, उपयोगितालगायत बारेमा नवीनतम् वैज्ञानिक खोज, अनुसन्धान र प्रसार प्रविधिद्वारा भैँसीपालनको विकास र सबलीकरणमा योगदान पुर्‍याउने उद्देश्यका साथ उक्त सम्मेलन आयोजना गर्न लागिएको हो ।

अन्तर्राष्ट्रिय सम्मेलनको आयोजकमा कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, एसियन बफेलो एसोसिएसन र इन्टरनेसनल बफेलो फेडेरेसन छन् । दसौं एसियन बफेलो कंग्रेस आयोजक समितिका अध्यक्ष प्राडा भूमिनन्दन देवकोटाले सम्मेलन भर्चुअल विधिबाट हुने जानकारी दिए । यहाँ शनिबार आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत विश्वविद्यालयले उक्त जानकारी दिएको हो । अध्यक्ष देवकोटाका अनुसार भैंसी सम्मेलनमा १७ देशका विज्ञले सात विधामा १३५ भन्दा बढी कार्यपत्र प्रस्तुत गर्नेछन् । सम्मेलनमा तीन सय ५० भन्दा बढी वैज्ञानिकको सहभागिता रहनेछ । वैज्ञानिक, प्राध्यापक र विद्यार्थी सहभागी भएर पाँच दिनसम्म छलफल हुनेछ । भैंसीपालन, व्यवस्थापन, स्वास्थ, बजारीकरण एवम् उपयोगिताबारे भएका नवीनतम् खोज, अनुसन्धानबारे गहन छलफल हुने देवकोटाले जानकारी दिए ।

सन् २०१७ मा सौराहामा स्थानीय रुपमा भएको भैंसी सम्मेलन सन् २०१८ मा भारतमा भएको थियो । कृषि तथा वन विज्ञान विश्वविद्यालय र तत्कालीन कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले पशुविज्ञान, पशुचिकित्सा क्षेत्रका वैज्ञानिकले निरन्तर भैंसीको अनुसन्धानलाई केन्द्रमा राखेर पोषण, व्यवस्थापन, रोग निदान तथा उपचार एवम् बेमौसमी प्रजनन प्रविधिमा योगदान गर्दै आएको छ । बेमौसमी प्रजनन् प्रविधिबाट करिब ४७ प्रतिशत उत्पादन क्षमता भएको पाइएको छ । बेमौसमी प्रजनन कार्य किसानको गोठमा पुर्‍याउन विश्वविद्यालयले अध्ययन गरिरहेको छ । विश्वविद्यालयले भैंसी उत्पादनमा भएका नयाँ अनुसन्धानबारे पनि कार्यपत्र प्रस्तुत गर्ने देवकोटाले बताए ।

सम्मेलनको उद्घाटन कृषि तथा पशुपक्षी विकासमन्त्री महेन्द्र राय यादवले भर्चुअल माध्यमबाटै गर्ने कार्यक्रम छ । पत्रकार सम्मेलनमा विश्वविद्यालयका उपकुलपति प्राडा पुण्यप्रसाद रेग्मीले नेपालमा ओझेलमा परेको पशुपालनलाई उचाइ दिन यो सम्मेलन सफल हुने बताए । अन्तर्राष्ट्रियस्तरका वैज्ञानिक सम्मेलनले पशुपालन विस्तारमा महत्वपूर्ण योगदान पुग्ने उनले विश्वास व्यक्त गरे । उनले भैंसीलाई कालो सुनका रुपमा लिइने भएकाले नयाँ प्रविधि र खोजअनुसन्धान प्रयोगमा ल्याउन सके अर्थतन्त्रमा सहयोग पुग्ने बताए ।

नेपालमा दुग्ध उत्पादनमा भैंसीको करिब ६५ प्रतिशत र मासु उत्पादनमा ५५ प्रतिशत हिस्सा ओगटेको तथ्यांक छ । सन् २०१७ मा नेपालमा भएको सम्मेलनपछि नै विश्वविद्यालय भैंसी अनुसन्धानमा दीर्घकालीन योजना निर्माणमा लागिपरेको छ । यसका लागि भैंसी अनुसन्धान केन्द्र स्थापना गर्न लागिएको सो अवसरमा जानकारी दिइयो । सम्मेलनकै कारण वैज्ञानिकबीचको सञ्जालमार्फत ज्ञान, सीप आदानप्रदान गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । नेपालमा करिब ५२ लाख भैंसीको संख्या रहेको तथ्यांक छ । स्थानीय जातमा पहाडतिर लिमे, पारकोटे, गड्डी र तराईतिर तराई जात र मुर्रा जातका भैंसीपालन हुँदै आएका छन् ।

नेपालमा पछिल्लो समय आयातीत हाइब्रिड जातका भैंसीपालनसमेत बढ्दो क्रममा रहेको अध्यक्ष देवकोटाले जानकारी दिए । दूध दिन छाडेपछि पनि मासु र छाला उपयोग हुने भएकाले भैँसीलाई बहुउपयोगी जनावर मानिन्छ । (रासस)

# एकसय भन्दाबढी सहकारी समायोजन

हेटौंडा/ सहकारी विभागले विगत दुई वर्षमा एक सयभन्दा बढी सहकारी एकापसमा समायोजन गरिएको छ । समान उद्देश्य र एउटै कार्यक्षेत्र भएका काठमाडौँ उपत्यका र उपत्यका बाहिरका सयभन्दा बढी सहकारी समायोजन गरी ५० बनाइएको छ ।

दर्ता भएर लामो समयसम्म सेवा प्रदान गर्न नसकेका सहकारीलाई समायोजन गरिएको हो । एकीकरण तथा विभाजन निर्देशिका, २०७७ अनुसार फरक-फरक सहकारी एक हुन पाउँछन् । यसरी एक हुन चाहने सहकारीले विभागमा निवेदन पेश गर्नुपर्ने कानुनी प्रावधान छ । सोही निर्देशिकाको आधारमा सहकारी एकीकरण भएका हुन् । हाल देशभरि ३० हजार सहकारी छन् । समायोजन हुनेमा सबैभन्दा बढी बचत तथा ऋण सहकारी छन् ।




संख्यात्मक रुपमा सहकारी खुल्ने तर सेवा प्रवाहमा पारदर्शी नभएपछि विभागले संख्या घटाएर गुणस्तरीय सेवा दिने उद्देश्यका साथ एकीकरणको काम अघि बढाइएको विभागका शाखा अधिकृत सन्देश जोशीले जानकारी दिए । बाध्यकारी बनाएर विभागले एकीकरण गर्न नमिल्ले हुँदा सहकारी नै एकापसमा सहमति गराएर प्रक्रियामा आउनुपर्ने भएकाले दुई वर्षमा थोरै मात्र एकीकृत भएका जोशीको भनाइ छ । काठमाडौं महानगरपालिकाले पनि संवैधानिक व्यवस्थालाई आधार मान्दै आृनो अधिकर क्षेत्रभित्र रहेका सहकारीलाई एकापसमा एकीकरण गरी संख्यात्मकरूपमा कम गर्ने काम अघि बढाएको छ । हाल कामपामा एक हजार ८४९ सहकारी संस्था छन् । उक्त संख्या घटाएर ७०० बनाउने योजनाका साथ कामपा लागिपरेको छ ।

संवैधानिक व्यवस्था अनुसार २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेजी भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन गर्नुपर्ने व्यवस्थाअनुरुप कामपाले आफ्ना क्षेत्रभित्रका साना तथा चलायमान हुन नसकेका सहकारीलाई एकीकरण गर्ने प्रक्रिया थालेको हो । कामपाले यस वर्ष चालु आर्थिक वर्षको दुई महिनामानै दुई सहकारीलाई एकीकरणका लागि अनुमति दिइसकेको छ भने अघिल्लो आवमा चार सहकारी एक भएका कामपा सहकारी विभागका प्रमुख देवेन्द्र पोखरेलले जानकारी दिए । मापदण्ड बाहिर सञ्चालित साना सहकारी धेरै रहेकाले तिनको सही व्यवस्थापन गर्न एकीकृत प्रणाली अपनाइएको हो । सहकारी ऐन, २०७४ र कामपाको सहकारी ऐन, २०७४ अनुरुप कानुनीरूपमा नै एकीकृत गर्न सकिने व्यवस्था छ । *(रासस)*

## प्रदेश सरकार
## भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

### प्रस्ताव आह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०७८/०७/०७)*

आर्थिक वर्ष २०७८/०७९ को भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल उल्लेखित कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले तिस (३०) दिनभित्र कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि जिल्लाबाट संचालित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६ (प्रथम संशोधन, २०७७)को अनुसूची २ बमोजिम आवेदन पत्र, अनुसूची ३ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र र अनुसूची ४ बमोजिमको प्राबिधिक तथा आर्थिक प्रस्ताव र अनुसूची ७ को बुँदा नं. (ख)ले मागेका कागजातहरु संलग्न गरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**तपशिल:-**

| क्र.स. | क्रियाकलाप/कार्यक्रम | इकाई | प्रति इकाई अनुदान रु. हजारमा | अनुदानको किसिम | साझेदार संस्था |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्य पालनमा प्रयोग हुने यन्त्र उपकरण वितरण (अन्य) | पटक | प्रस्तावकको माग तथा स्वीकृत बजेट रकमको आधारमा प्रति इकाई दर निर्धारण गरिने छ । | लागतको ५० प्रतिशत नबढ्ने गरी | समूह/सहकारी/निजि |

**नोट:** कार्यक्रम सम्बन्धि विस्तृत विवरणयस कार्यालयको सूचना पाटि वा कार्यालयको सम्पर्क नं. ०५७-४१२८२८ वा वेबसाइट vhalecmak.bagamati.gov.np मा हेर्न सकिनेछ ।

### लाइसेन्स हराएको सूचना

यहि मिति २०७८ असोज २५ गते रितेश जंग लामाको नाममा रहेको ०४-०६-००६९८९९० नम्बरको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) हेटौंडा-४, हुप्राचौरदेखि फरेष्ट्री गेटसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा ९८६५३८१७९० नम्बरमा सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

*"तपाई हामी सबैको कुरा"*
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं,
पाठकको चाहनालाई मध्यनजर गर्दै
परिष्कृत ढंगले अघि बढ्दैछौं ।
वेवसाइडमा: *www.sajhakuranews.com*
सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**बाली भित्र्याउँदैः** हेटौंडा-७ का किसानहरु धान बाली भित्र्याउँदै । धान काटेपछि लगातार रुपमा भइरहेको वर्षाका कारण यसवर्ष किसानहरु मर्कामा परेका छन् । यस क्षेत्रका किसानहरुले घाम लागेसँगै धान बाली भित्र्याउन व्यस्त छन् । उनीहरुले भिजेको धान समेत सुकाइरहेका छन् ।

# भीमफेदीमा शुभकामना आदानप्रदान

हेटौंडा/ नेपाली कांग्रेस भीमफेदी गाउँपालिका-२ को आयोजनामा शुभ दिपावली, छठ, नेपाल सम्वत् लगायतका पर्वहरुको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना भएको छ ।

कांग्रेस भीमफेदी २ नम्बर वडा सभापति मन्जु थापाको अध्यक्षता एवम् कांग्रेस महाधिवेशन प्रतिनिधि मोमलाल दोङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा क्षेत्रीय सदस्य गोरीमाया लामा, कांग्रेस भीमफेदी गाउँपालिका कोषाध्यक्ष हरि लामा, सहसचिव सुमित्रा थिङ, तरुण दल भीमफेदी उपसभापति दीपक घिसिङ, कांग्रेस वडा उपसभापति रामकुमारी स्याङ्तान लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# राजदेवी सहकारीको साधारणसभा सम्पन्न

हेटौंडा/ हेटौंडा-१७ राजदेवीमा रहेको राजदेवी बचत तथा ऋण सहकारी संस्थाको १६ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभामा संस्थाका अध्यक्ष मधुसुदन न्यौपानेले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष कृष्ण प्रसाद पराजुलीले आर्थिक प्रतिवेदन, ऋण उपसमितिका संयोजक राम प्रसाद भट्टले ऋण समितिको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक रमेश कुमार पराजुलीले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा संस्थाका संस्थापक अध्यक्ष दिव्यराज धमलाले स्वगीय आमा नरमाया धमलाको स्मृतिमा स्थापना गरेको अक्षय कोषबाट प्राप्त भएको रकमको छात्रवति राजदेवी माविमा कक्षा ८ मा अध्ययनरत छात्रा शान्ता खड्कालाई प्रदान गरेका थिए । हेटौंडा-१७ का वडा अध्यक्ष भैरब बहादुर राईको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष मधुसुदन न्यौपानेको अध्यक्षतामा साधारणसभा भएको थियो ।

साधारणसभामा सखित्व सहकारीका अध्यक्ष बालकृष्ण घिमिरे, राजदेवी दुग्ध उत्पादक सहकारीका अध्यक्ष राम प्रसाद तिमल्सिना, संस्थाका सल्लाहकार कृष्ण प्रसाद नेपाल, कुमारमणी दहाल, राजदेवी माविका प्रधानाध्यापक सानुकाजी पाण्डे, संचाकरर्मी भीमसेन पौडेल, नमूना प्रगति सहकारीका व्यवस्थापक बद्री भण्डारी, संस्थाका सचिव श्यामलाला श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

संस्थामा हाल ५ सय ८६ जना शेयर सदस्यहरु आवद्ध रहेका छन ।

# बेमौसमी वर्षाको पीडाः काटेर राखेको धान खेतमै उम्रियो

कञ्चनपुर, ६ कात्तिक (रासस) : लगातार चार दिनसम्मको वर्षा पछि घाम लाग्न सुरु भएको छ । कञ्चनपुरका किसान झरीले निथ्रुक्क भिजाएको धान सुकाउनमा खेतमा व्यस्त छन् ।सुकाउन राखिएको धान भिजेकाले उम्रिन थालेको छ । पानी सुक्न नपाएको खेतमा काटेको धानको पराल सहितका बाला कुहिएका छन् ।

लालझाडी गाउँपालिकाको कञ्जका किसान नन्दला राना खेतको धान बाली भित्र्याउन नपाउँदै उम्रिन थालेपछि निकै चिन्तित हुनुभएको छ । 'लगातारको चार दिनको वर्षाले खेतमा काटेर राखेको आधाभन्दा बढी धान बगाएर लग्यो', उनले भने,'बग्नबाट बचेको धान उम्रिन सुरु भएको छ । केही धान बाला सहित कुहिएको छ ।' दुई बिघा खेतमा लगाइएको धान वर्षभरि खानका लागि राखेर रानाले बेच्नसमेत भ्याउथे । बेचेको धानबाट परिवार को खर्च धानिँदै आएको थियो ।

'समयमै वर्षा हुँदा धान समयमै रोप्न पाएका थियौँ । खेतमा धानका बाला विगतको तुलनामा निकै राम्रो थियो', उनले भने,'बाली भित्र्याउने बेलामा परेको पानीले सबै सखाप पार्‍यो । बेच्दै आएको धान अब खरिद गरेर खानुपर्ने अवस्था आइलागेको छ ।' उनको जस्तै लालझाडी गाउँपालिकाका अधिकांश किसानको खेतमा काटेको धान दोदा नदीले बगाएको छ । खेतमा बचेको धान कुहिए पछि कामै नलाग्ने भएको छ । शुक्लाफाँटा नगरपालिका-२ रानीपुरका किसान भोला चौधरीले पानी पर्नुअगावै खेतबाट धानका मुठा बाँधेर थ्रेसिङ गर्नका लागि थ्रेसरको खोजी गर्दै हुनुहुन्थ्यो । थ्रेसर खोज्न नपाउँदै पानी पर्‍यो । एक बिघा अधिया लगाएको पूरै धान खेतमै भिज्यो । 'खेतबाट धान उठाउनै पाएनौं', उनले भने,'पानीले सबै धान भिज्यो । पानी पर्दै गरेका बेला खेतकै आलीमा लगेर धान राखे पनि बालामै धान उम्रिएको छ । धान लगाउनका लागि गरेको मिहिनेत खेर गयो । जोताइ, बीउ, मलखाद, सिँचाइ गर्दा र खेताला लगाउँदाको खर्चसमेत नउठ्ने भयो । परिवार पाल्नैका लागि मजदूरीमा जानुपर्ने अवस्था आइलाग्यो ।' धान रोप्नका लागि महँगोमा मलखाद र बीउ खरिद गर्नुपर्ने, जोताइ, सिँचाइ र खेताला लगाउँदासमेत सहकारी र समूहबाट कर्जा लिनुपर्ने अवस्थामा वर्षाले पूरै बालीमा नोक्सानी पुर्‍याए पछि किसान विचल्लीमा परेको नेपाल किसान संघका केन्द्रीय सदस्य शेरबहादुर साउदले बताए ।

'वर्षाका कारण धानबालीमा नोक्सानी बेहोरेका किसानलाई सरकारले तत्काल क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ', उनले भने,'किसान अन्नदाता हो । सबैको पेट पाल्दछ । किसान अप्ठेरोमा परेका बेला सरकारले हेर्नुपर्दछ । किसानले अन्न उत्पादन नगरे भोकभोकै बस्ने बेला आउन सक्छ । त्यसैले किसानको मार्कालाई बुझेर सरकारले मालपोत, सिँचाइमका लागि विद्युत् महशुल मिनाहासँगै अनुदानमा बीउबिजन उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।' वर्षाको पानीले खेतको धान नोक्सान भएकै बेला जंगली हात्तीले समेत बाँकी रहेको धानमा क्षति गर्न थालेकाले किसानलाई त्यसको समेत क्षतिपूर्ति दिइनुपर्ने उनको जीकिर थियो ।

मौसमविद्ले पहिल्यै भारी वर्षा हुने कुरा बताए पनि त्यो कुरा किसानसम्म पुग्न नक्दा धानबाली र तरकारी बालीमा ठूलो क्षति बेहोर्नुपरेको उनको भनाइ थियो । स्थानीय तहले समेत वर्षाको डुबान र बाढीबाट पीडित किसानको तथ्यांक संकलन गर्न थालेका छन् । धान, तरकारी बाली र उखु बालीको क्षतिको विवरण संकलन वडा कार्यालयबाटै गर्न थालिएको छ । शुक्लाफाँटा नगरपालिकाका प्रमुख दिलबहादुर ऐरले सात दिनभित्र वर्षाका कारण क्षति बेहोरेका किसानको विवरण संकलन गरी पठाउनका लागि वडा कार्यालयलाई निर्देशन दिइएको बताए । वडाले संकलन गरेको विवरण नगर विपद् समितिमार्फत कार्यपालिकामा लगेर क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारलाई अनुरोध गरिने उनले जानकारी दिए । 'नगरको बजेटले सबै किसानलाई क्षतिपूर्ति दिन भ्याउदैन', उनले भने,'प्रदेश र केन्द्र सरकारलाई अनुरोध गर्छौं ।'

बेलौरी, पुर्नवास, कृष्णपुर नगरपालिकासँगै लालझाडी र बेलडाँडी गाँउपालिकाले समेत वर्षाले धानबालीमा क्षति गरेको विवरण संकलन अगाडि बढाएको छ । कृषि ज्ञान केन्द्रका अधिकृत रणबहादुर मल्लले स्थानीय तहका कृषि शाखामार्फत धानलगायत अन्य बालीको क्षतिको विवरण संकलन भइरहेको जानकारी दिए । 'जिल्लाका नौवटै स्थानीय तहका कृषि शाखामार्फत क्षतिको विवरण संकलन भइरहेको छ', अधिकृत मल्लले भने,'एक दुई दिनभित्रै क्षतिको विवरण उपलब्ध गराउन सकिन्छ ।' उनका अनुसार जिल्लाका २५ प्रतिशत किसानले मात्रै धान बाली भित्र्याउन पाएका छन् भने पचहत्तर प्रतिशत किसानको धान बालीमा वर्षाले क्षति गरेको छ । (रासस)

# ३६ जनाद्वारा रक्तदान

हेटौंडा/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो वार्षिकोत्सवको सन्दर्भमा संस्थागत सामाजिक उत्तर दायित्वअन्तर्गत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

हेटौंडा-१८, हर्नामाडीमा नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार हेटौंडा शाखाको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न भएको सिटिजन लाइफ हेटौंडा शाखाका प्रमुख राधेश्याम आचार्यले जानकारी दिए । सिटिजन लाइफका क्षेत्रीय प्रवन्धक शिवकुमार कार्की प्रमुख अतिथी रहेको कार्यक्रममा शाखा प्रमुख राधेश्याम आचार्यले कार्यक्रमको बारेमा प्रकाश पारेका थिए । ज्योति माविका अध्यक्ष हर्क रम्तेल तथा कार्यक्रम संयोजक भुपेन्द्र चौलागाईंले कार्यक्रम मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा ३६ जनाले रक्तदान गरेका थिए । कार्यक्रम संयोजक चौलागाईंलाई क्षेत्रीय प्रबन्धकले मायाको चिनो हस्तान्तरण गर्दै आगामी दिनमा सिटिजन लिडर भइ सहकार्य गर्दै अघि बढ्ने बताए ।

# विपद्जन्य घटनामा ३५३ को मृत्यु

हेटौंडा/ यही वर्षको वैशाखयता विपदजन्य घटनामा परेर ३५३ जनाले ज्यान गुमाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा ८० जना हराइरहेका छन् ।

सबैभन्दा बढी पहिरामा परेर १६१ को मृत्यु भएको तथ्यांकमा उल्लेख छ । त्यसपछि बाढीबाट ५२ र चट्याङ लागेर ४९ जनाको मृत्यु भएको छ । भारी वर्षाले १८, सर्पले टोकेर २०, आगलागीबाट १८, जनावरको आक्रमणबाट २८, डढेलो, हावाहुरी र महमारीबाट सात जनाले ज्यान गुमाएका छन् । बेपत्ता भएका ८० मध्ये पहिरामा ४२ र बाढीमा ३७ जना परेका छन् ।

प्राधिकरणका अनुसार उक्त अवधिमा दुई हजार ९० वटा विपद्का घटना भएका छन् । कूल एक हजार २८४ जना घाइते भएको विवरण छ । कूल तीन हजार ४४३ घर परिवार प्रभावित भएका छन् । (रासस)

# बन्दीपुर केबुलकारको 'राइट अफ वे' मा २५७ रूख काटिने

कृष्ण न्यौपाने

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन अवस्थामा रहेको केबुलकारको 'राइट अफ वे'मा दुई सय ५७ रूख काटिने भएको छ । केबुलकार निर्माणका लागि त्यसमार्गमा पर्ने रूख काट्न लागिएको हो ।

सबडिभिजन वन कार्यालय बन्दीपुरले शुक्रबारदेखि रूख कटानका लागि स्थलगत निरीक्षण सुरु गरेको छ । बन्दीपुर गाउँपालिका-४ स्थित कोच्चो सामुदायिक वनभित्रको दुई सय ५७ रूख काट्न लागिएको सबडिभिजन वन कार्यालय बन्दीपुरका प्रमुख सुरेश भुजेलले जानकारी दिए । रूख काट्नका लागि वन विभागबाट स्वीकृति प्राप्त भइसकेको छ । 'दुई हप्ताभित्र रूख काटेर सकिन्छ, काटेको रूख सामुदायिक वनलाई बुझाउनुपर्छ,' उनले भने ।

आरकेडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एन्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबुलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको छ । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीहरुको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन् । बन्दीपुर गाउँपालिका-४ ठूल्दुंगास्वाँरा बाट बरालथोकसम्म जोडिने केबुलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगरस्थित सिद्धगुफा



पनि अवलोकन गर्न सकिनेछ । ठूल्दुंगास्वाँराबाट सुरु हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ । केबुलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ ।

विसं २०७५ साउन पहिलो साता शिलान्यास भइ विसं २०७७ फागुन १ गते केबुलकार सञ्चालन गर्ने लक्ष्य लिइएको थियो । तर कोभिड-१९ को प्रभावका कारण उक्त लक्ष्य प्रभावित भएको छ । विसं २०७६ चैत दोस्रो सातादेखि कोभिड-१९ का कारण लकडाउन भएपछि परियोजनाको काम प्रभावित भएको बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताए । अब विसं २०७९ फागुन १ गते बटम स्टेसनको सम्पूर्ण काम र केबुलकारको सम्पूर्ण काम सकेर व्यावसायिक सञ्चालन गरिने शर्माले जानकारी दिए ।

कम्पनीले विसं २०७९ वैशाख १ गतेदेखि होटेललगायत सम्पूर्ण पूर्वाधार प्याकेजसहित फुलफेजमा पर्यटन पूर्वाधारयुक्त केबुलकार परियोजना सञ्चालनमा ल्याउने रणनीति बनाएको थियो ।

माथिल्लो स्टेसनको बहुआयामिक चारतारे होटेलसहितको निर्माण सम्पन्न गरी विसं २०८० असोज १ गते परियोजना मूल योजना सञ्चालनमा ल्याउने तयारी गरिएको छ । तर कम्पनीले त्यस भन्दा अगावै विसं २०७८ फागुन १ गते रेष्ट्रो जोन जोन सञ्चालनमा ल्याउने भएको छ । 'केबुलकारभित्र रेष्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ देखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौं,' शर्माले भने । उनका अनुसार तल्लो र माथिल्लो स्टेसनमा रेष्टुरेन्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा सेवा दिन सक्नेछ ।

परियोजनाको कूल लागत दुई अर्ब दश करोड रुपैयाँ पुगेको छ । मोनोकेवल डिटाचवेल रोटेटिङ गोन्डोला प्रविधिमा आधारित १९ गोन्डालामार्फत प्रतिघण्टा तीन सय यात्रीहरु बोक्न सक्ने क्षमता रहे पनि त्यसलाई विस्तार गरिएको छ । बजारको माग र चापका कारण यसलाई विस्तारित गर्दै २५ वटा गोन्डोला मेटेरियल क्याविनसहित प्रतिघण्टा पाँच सय यात्रुहरु बोक्ने र दैनिक १६ घण्टामाथि सेवा दिन सक्ने गरी अत्याधुनिक प्रविधि जडान गरी पूर्वाधार थप गरिने कम्पनीले जनाएको छ ।

यहाँ ल्यान्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ । बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडी : बन्दिपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ । यस गार्डेनभित्र बटम स्टेसनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ । यसले पर्यटकलाई लोभ्याउने विश्वास गरिएको शर्माले बताए ।

यसैगरी वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ । माथिल्लो स्टेसनमा नौतल्ले चारतारे होटेल बन्नेछ । यसअगाडि ६६ कोठा रहे पनि अब त्यसलाई बढाएर ८४ देखि एक सयसम्ममा स्तरोन्नति गरिनेछ ।

होटेललाई निश्चित समय र व्यवस्थापन पार गरेर चार तारेबाट पाँचतारे होटेलमा रुपान्तरण गर्ने गरी रणनीतिक तयारी थालिएको कम्पनीका सञ्चालक तारानाथ उपाध्यायले जानकारी दिए । एक अर्ब रुपैयाँ अधिकृत पूँजी रहेको कम्पनीको जारी पूँजी ७५ करोड रुपैयाँ र चुक्ता पूँजी २० करोड रुपैयाँ रहेकामा त्यसलाई बढाएर ९० करोड पुर्‍याउने लक्ष्य लिइएको छ । *(रासस)*

# भीमफेदी-३ मा समाजवादी गठन

हेटौंडा/ नेकपा (एकिकृत समाजवादी) भीमफेदी गाँउपालिका-३ स्तरीय वडा कमिटी गठन गरिएको छ । शनिबार आयोजित कार्यक्रममाका बीच २५ सदस्यीय वडा कमिटी गठन गरिएको हो । कमिटीको अध्यक्षमा गुणबहादुर पाखिन रहेका छन् भने उपाध्यक्ष हेम लामा रहेका छन् । यस्तै कमिटीको सचिवमा पुष्कल पाखिन र उप सचिवमा शान्ति पाखिन रहेका छन् ।

कमिटीका सदस्यहरुमा कृष्ण बस्नेत, अजय गोम्वा, रुपक बुढाथोकी, सोनाम थिङ, सोम पाखिन, रसिला पाखिन, सागर थिङ, प्रकाश थिङ, गजमान घलान, अर्जुन घलान, विरोध थिङ, रविन थिङ लगायत रहेका छन् । सुलभ थापा, सन्तलाल लामा, राजु थिङ, तारा गुरुङ, सोम बहादुर थिङ, बेली थिङ, राजकुमार बज्यु, धनमाया दोङ र सन्तबहादुर बज्यु रहेका छन् । पार्टीका गाँउपालिका संयोजक समिर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एकिकृत समाजवादी केन्द्रीय निर्वाचन आययोगका सदस्य रामचन्द्र बल प्रमुख अतिथि थिए ।

कार्यक्रममा बाग्मती प्रदेश कमिटी सदस्य गौतम वुद्ध लामा विशिष्ट अतिथि, जिल्ला कमिटी सचिव विष्णु दाहाल विशेष अतिथि, जिल्ला सचिवालय सदस्य शिवहरी बतौँला, जिल्ला कमिटी सदस्य मानबहादुर बल, प्रगतिशील लेखक संघ मकवानपुर जिल्ला अध्यक्ष शान्ति प्रिय बन्दनालगायत उपस्थित थिए ।












साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल